

**सरकारले कस्तो बनाउँदैछ बजेट ?**

डा. घनश्याम उपाध्याय

२


## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - ११२ ❑ २०८३ वैशाख ०९ गते बुधबार ❑ Wednesday, 22 April 2026 ❑ मूल्य ७ /-



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०


## आगलागीमा दुई जनाको मृत्य

**उदयपुर/** उदयपुरको चौदण्डीगढी नगरपालिका-७, बेल्टार बजारमा मङ्गलबार बिहान भएको आगलागीमा दुई जनाको मृत्यु भएको छ भने दुई घर पूर्ण रूपमा जलेर नष्ट भएका छन् ।

बेल्टार बजारस्थित लक्ष्मीनाराण खड्काका घरमा लागेको आगलागीबाट ७० वर्षीय लक्ष्मीनारायण खड्का र ३० वर्षीय पवन खड्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निरञ्जन थापाले जानकारी दिए । प्रहरीका अनुसार विद्युत् सर्ट भएर बिहान करिब २ बजे आगलागी भएको प्रारम्भिक अनुमान गरिएको छ । प्रहरीले घटनाको थप अनुसन्धान जारी रहेको जनाएको छ । आगलागीबाट लक्ष्मी खड्का र रविनकुमार दासको घर पूर्ण रूपमा ध्वस्त भएको छ । लक्ष्मी खड्काको बाँकी ४ पेजमा ▸▸

## हवाई फायर गरि पक्राउ

**उर्लाबारी/** मोरङमा ठूलो परिमाणको लागुऔषधसहित एक तस्करलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गरेको छ । सोमबार राति रतुवामाइ नगरपालिका-१ स्थित हटिया क्षेत्रमा प्रहरीले दुई राउण्ड हवाई फायर गरी खैरो हेरोइन कारोबारमा संलग्न एक युवकलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा स्थानीय रतुवामाइ नगरपालिका वडा नं. १ सोनापुरका २१ वर्षीय मोहम्मद आविद मियाँ रहेका छन् । भारतबाट नेपालतर्फ लागुऔषध भित्रिरहेको विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको टोलीले उनलाई घेराउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख एवं प्रहरी उपरीक्षक (एसपी) कवित कट्वालका अनुसार, भारतीय नम्बर प्लेटको बीआर ३८ एडी ५३९० नम्बरको मोटरसाइकलमा सवार मियाँले प्रहरी टोलीलाई देख्नासाथ बाँकी ४ पेजमा ▸▸

## अटो दुर्घटनामा मृत्यु

**दमक/** झापाको कन्काई नगरपालिका-३, नयाँ बस्तीमा मङ्गलवार बिहान अटो र मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् । मङ्गलवार बिहान ११:३० बजे कन्काई नगरपालिका-३ स्थित पूर्व-पश्चिम राजमार्गमा विर्तामोडबाट सुरुङ्गातर्फ जाँदै गरेको प्र१-०१-००१ ह ८२५२ नम्बरको अटो अनियन्त्रित भई विपरीत दिशाबाट आउँदै गरेको मे ५ प ६६२० नम्बरको मोटरसाइकलसँग ठोक्किएको थियो । बाँकी ४ पेजमा ▸▸

### कृषि उपजमा समेत आयातकै भर

# लसुन-प्याजमा पनि परनिर्भर

**दमक/** नेपाल कृषि प्रधान मुलुक भए पनि वर्षेनी खाद्यबस्तु र तरकारीको आयातमा उच्च वृद्धी भई रहेको छ । ठुलो खेती र बारी नचाहिने करेसाबारी, कौशी र गमलामा समेत घरायसी उत्पादन गर्न सकिने लसुन, प्याज लगायतमा बालीमा पनि नेपाल आत्मनिर्भर हुन सकेको छैन । यस वर्ष प्याजको आयात भने उच्च बृद्धी भएको छ । तर लसुनको आयातमा केहि गिरावट देखिएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को ९ महिनामा नेपालमा आलु र प्याज आयात उच्च वृद्धि भएको छ । साउनदेखि चैतसम्म १२ अर्ब ८७ करोड ७६ लाख ४० हजार रूपैयाँ बराबरको ४ लाख ३४ हजार ३ सय ५८ टन आलु र प्याज आयात भएको छ । गत आव २०८१/८२ सोही अवधिमा ९ अर्ब १५ करोड ८० लाख ३६ हजार रूपैयाँ बराबर ३ लाख १२ हजार ९ सय ३ टन आलु र प्याज भित्रिएको थियो । गत वर्ष आलु र प्याज आयातबाट १ अर्ब ७४ करोड ९७ लाख बराबर राजस्व संकलन भएकोमा यस वर्ष १ अर्ब २२ करोड ४१ लाख संकलन भएको छ ।

भन्सार विभागको तथ्यांक अनुसार चालु वर्ष ९ महिनामा ७ अर्ब ८ करोड ११ लाख ६५ हजार बराबर २ लाख ९२ हजार ९ सय ३५ टन आलु आयात भएको छ । गत वर्ष सोही अवधिमा ६ अर्ब २ करोड ९१ लाख ३६ हजार बराबरको २ लाख ३९ हजार ५ सय ५७ टन आलु आयात भएको थियो । यसरी आलु आयात परिमाण ५३ हजार टनभन्दा धेरैले बढेको छ ।

यहि अवधीमा मा नेपालमा लसुन आयात ७० प्रतिशतले घटेको छ । गत आव साढे ६ अर्ब रूपैयाँ नजिक लसुन आयात भएकोमा यस वर्ष परिमाण र मूल्य दुवैमा करिब ७० प्रतिशतको संकुचन देखिएको हो । चालु वर्ष ९ महिनामा नेपालमा भारत र चीनबाट १ अर्ब ९८ करोड ८० लाख ५८ हजार रूपैयाँ बराबरको जम्मा १४ हजार ४ सय ६५ टन ताजा लसुन आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ । गत आव २०८१/८२ सोही अवधिमा नेपालमा भारत र चीनबाट ६ अर्ब ४५ करोड ८ लाख ३९ हजार बराबर ४९ हजार ११ टन लसुन भित्रिएको थियो ।

विद्युतीय गाडीको बाँकी ४ पेजमा ▸▸

## व्यापारघाटा १३ खर्ब नजिक

चालु आर्थक वर्षको नौ महिनाको अवधिमा दुई खर्ब २२ अर्ब रूपैयाँ बराबरको वस्तु निर्यात भएको छ । अघिल्लो वर्ष यसै समयमा १ खर्ब ८८ अर्ब रूपैयाँ बराबरको निर्यात भएको थियो । समग्र अन्तर्राष्ट्रिय व्यापार १७ खर्ब १३ अर्ब रूपैयाँ छ । अघिल्लो वर्ष यसै समयको तुलनामा यो १४.४० प्रतिशतले बढी हो । यो अघिल्लो वर्षको यसै अवधिको तुलनामा १३ प्रतिशतले बढी भए पनि व्यापार घाटा भने १३ खर्ब नजिक पुगेको छ । हाल नेपालको व्यापार घाटा १२ खर्ब ६७ अर्ब पुगेको हो । मुख्य निर्यात हुने भटमास तथा सूर्यमुखी तेलमा पछिल्ला महिनामा कमी आएको, नर्माण सामाग्रीको निर्यातमा कमी आएको कारण पनि बाँकी ४ पेजमा ▸▸

# विद्यालयमा पोशाक र पुस्तक बेच्न निषेध

**दमक/** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शैक्षिक सत्र २०८३ का लागि विद्यालयहरूमा सरकारद्वारा स्वीकृत पाठ्यपुस्तक मात्र प्रयोग गर्न र विद्यालय परिसरभित्रै पोसाक तथा स्टेशनरी बिक्री नगर्न निर्देशन दिएको छ । केन्द्रले देशभरका ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइहरूलाई पत्राचार गर्दै यस विषयमा तत्काल अनुगमन गरी कारबाही अघि बढाउन निर्देशन दिएको हो ।

केन्द्रले जारी गरेको परिपत्रमा केही निजी प्रकाशकहरूले कानुनको उल्लङ्घन गर्दै बढी मूल्य तोकेको, न्यून गुणस्तरको कागज प्रयोग गरेको र पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नै नलिई पाठ्यपुस्तक बिक्री गरिरहेको गुनासो प्राप्त भएको उल्लेख छ । नेपाल सरकारको नीति र कानुन विपरीत कार्य गरी बालबालिका र अभिभावकलाई अतिरिक्त आर्थिक बोझ नदिन केन्द्रले निर्देशन दिएको छ ।

त्यस्तै, पछिल्लो समय विद्यालयहरूले आफैँले वा विद्यालयभित्रैबाट पोसाक, पाठ्यपुस्तक र स्टेशनरी सामग्री बिक्री(वितरण गर्ने गरेको पाइएको भन्दै केन्द्रले यस्ता कार्य तत्काल रोक्न भनेको छ । केन्द्रले स्थानीय तहहरूसँग समेत समन्वय गरी विद्यालयहरूमा आकस्मिक अनुगमन गर्न र नियम उल्लङ्न गर्ने प्रकाशक वा विद्यालयलाई कानुनी दायरामा ल्याई सोको जानकारी केन्द्रमा पठाउन निर्देशन दिएको छ ।

## राप्रपाको देशव्यापी समीक्षा कार्यक्रम

**दमक/** प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्षतर्फ एक सीट मात्रै जितेको राष्ट्रिय प्रजातन्त्र पार्टी प्रदेश स्तरीय चुनावी समीक्षा कार्यक्रममा शुरु गरेको छ । मधेश मधेस प्रदेशको बर्दिबासबाट अभियान शुरु भएको प्रवक्ता मोहन श्रेष्ठले बताए ।

उनका अनुसार वैशाख १० गते कोशी प्रदेशको इटहरी, १२ गते गण्डकी प्रदेशको आबुखैरेनी, १४ गते लुम्बिनी प्रदेशको भैरहवा, १५ गते बागमती प्रदेशको काठमाडौं, १७ गते सुदूरपश्चिम प्रदेशको महेन्द्रनगरमा कार्यक्रम तय भएको छ । कर्णाली प्रदेशमा हुने बैठकको मिति तय हुन बाँकी रहेको उनले बताए। केन्द्रीय सचिवालयको आयोजनामा सबै प्रदेशमा हुने बैठकमा अध्यक्ष राजेन्द्र लिङ्देन, बाँकी ४ पेजमा ▸▸

## आमसञ्चार विधेयक प्रमाणीकरण

**बिराटनगर/** कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ प्रमाणीकरण भएको छ । कोशीका प्रदेश प्रमुख परशुराम खापुङले सो विधेयक प्रमाणीकरण गरेका हुन् । कोशी प्रदेशसभाबाट २०८२ पुस २३ गते पारित उक्त विधेयकलाई नेपालको संविधानको धारा २०१ को उपधारा ( २) बमोजिम प्रमाणीकरण गरेका हुन्। यसबारे सोमबार सूचना जारी गरिएको हो । विधेयक प्रमाणीकरणसँगै अब यो विधेयक ऐनका रूपमा कार्यान्वयनमा जाने बाटो खुलेको छ । ऐनले प्रदेशभित्र सञ्चालन हुने बाँकी ४ पेजमा ▸▸

## समन्वय अभावमा अलपत्र आयोजना

*__लेटाङ/__ सरकारी कार्यालयहरू विचमानै समन्वय नहुँदा मोरङको लेटाङ्मा ढल निर्माण तथा प्रशोधन आयोजना सात वर्षदेखि अलपत्र बनेको छ । वन कार्यालय, लेटाङ नगरपालिका र संघीय खानेपानी आयोजनाबिच समन्वय हुन नसक्दा दुई वर्षमा सम्पन्न हुने आयोजना सात वर्ष बितिसक्दा पनि अझै सम्पन्न भएको छैन । लेटाङ नगरपालिकाको फोहोर र ढल व्यवस्थापन गर्न संघीय खानेपानी आयोजनाले २८ करोड ९९ लाख ५८ हजार ८० रूपियाँको टेन्डर आह्वान गरेको थियो । गोल्डेन विकोई खुस्बु जेभी कम्पनीले १९ करोडमा ठेक्का प्राप्त गरेको यो योजना २०७६ असार २५ गते दुई वर्षमा काम सक्ने गरी ठेक्का लगाएको हो ।*

*संघीय खानेपानी आयोजना विराटनगर कार्यालयका प्रमुख डिभिजन इन्जिनियर सुरतलाल चौधरीका अनुसार सम्झौता अनुसार कम्पनीले २०७८ सालको असार २४ गते काम सम्पन्न गरी आयोजना हस्तान्तरण गर्नुपर्ने थियो । छ वर्ष पूरा भइसक्दा पनि आयोजना सम्पन्न भएको छैन । उनका अनुसार डिपिआर गरेको समयमा सडक ग्राभेल थियो । काम सुरू गर्न आउँदा कालोपत्रे भयो । स्थानीयको लागत सहभागितामा बनेको कालोपत्रे भत्काएर पाइप गाड्ने वातावरण बनेन । वनसँग स्वीकृति नलिई काम सुरू भएकाले एक वर्ष समय वनसँग कानुनी प्रक्रिया पुऱ्याउन लाग्यो । चौधरीले निर्माण कम्पनीले काम गरेको भुक्तानी दिन नसक्दा काम* बाँकी ४ पेजमा ▸▸


## दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

### सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

मिति: २०८३।०१।०७

दमक नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा भए गरेका काम, कारवाही, सेवा प्रवाह लगायतका विषयमा तपसिलको मिति, स्थान र समयमा सार्वजनिक सुनूवाई कार्यक्रम आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा उपस्थिति भइदिनुहुन सम्पुर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, सार्वजनिक सेवा प्रवाह गर्ने सवै कार्यलयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संघसस्था, टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्ता समिति, स्थानीय बुद्धिजीबीहरु, स्थानीय सुरक्षा निकाय, नागरिक समाज, पत्रकार तथा सम्पुर्ण नगरवासी र सरोकारवालाहरु सम्बन्धित सबैमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**सार्वजनिक सुनूवाई हुने मिति, स्थान र समय**

- मिति: २०८३/०१/११ गते शुक्रवार
- स्थान: दमक नगरपालिकाको प्राङ्गण
- समय: बिहान ११ बजे



## हार्दिक आभार तथा कृतज्ञता

१५ औं वर्षमा प्रवेश

**द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.** दमक-५, झापाले सफलतापूर्वक १४ औं वसन्त पूरा गरी **१५ औं वर्ष**मा प्रवेश गरेको सुखद् उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण शेयर सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका साथीहरु, विभिन्न उपसमितिका साथीहरु, सेवा केन्द्र सञ्चालन उपसमितिका साथीहरु, कर्मचारीहरु, शुभचिन्तक, सञ्चार क्षेत्र विभिन्न छाता संघहरु र नियामक निकाय लगायत सम्बन्धित सरोकारवाला सबैप्रति **हार्दिक आभार** व्यक्त गर्दछौं । साथै संस्थालाई सफल, सक्षम र समुदायको छनौटको संस्था बनाउन र यस अवस्थासम्म ल्याइ पुऱ्याउन हर-हमेसा साथ सहयोग, माया, विश्वास एवम् भरोसा गर्नुहुने सम्पूर्ण सदस्यहरु एवम् सरोकार राख्नु हुने सबैप्रति **कृतज्ञता** ज्ञापन गर्दै मुक्तकण्ठले प्रंसशा गर्दछौं । संस्थाबाट हामीलाई थप हौसला, प्रेरणा र थप जिम्मेवारीको महसुस भएको छ । आगामी दिनमा पनि यस्तै साथ सहयोगको अपेक्षा गरेका छौं ।

***साथै नव वर्ष २०८३ को सुखद् अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी तथा शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।***

दीपक खरेल
(अध्यक्ष)

**द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**
सञ्चालक समिति परिवार
दमक-५,झापा

# सम्पादकीय

## नाममा होईन, काममा ध्यान दिन जरुरी

कुनै पनि विकासका संरचना निर्माण हुनु मात्र प्रगतिको सूचक होइन, त्यसको प्रभावकारी उपयोग नै वास्तविक उपलब्धि हो । नेपालजस्ता विकासोन्मुख देशमा पूर्वाधार निर्माणमा ठूलो लगानी हुने गरेको छ, तर ती संरचनाहरु दीर्घकालीन रुपमा जनताको हितमा कति उपयोगी भइरहेका छन् भन्ने प्रश्न अझै गम्भीर रुपमा उठिरहेकै छ। बिराटनगरस्थित शैलजा आचार्य अस्पताल यसको एक प्रतिनिधि उदाहरण हो, जहाँ बारम्बार नाम परिवर्तन, उद्देश्य हेरफेर र व्यवस्थापनमा अस्थिरताले यसको प्रभावकारितामा असर पारेको छ ।

राजनीतिक हस्तक्षेप, स्पष्ट दीर्घकालीन योजना अभाव, दक्ष जनशक्तिको कमी र जिम्मेवारीको स्पष्ट बाँडफाँड नहुनु यस्ता समस्याका मुख्य कारण हुन् । जब कुनै संरचना निर्माणपछि त्यसको सञ्चालन र व्यवस्थापनमा ध्यान दिइँदैन, तब त्यो केवल भौतिक संरचनामा मात्र सीमित रहन्छ । अस्पताल, विद्यालय, सडक वा अन्य सार्वजनिक संरचनाहरुको मूल उद्देश्य नागरिकलाई सेवा दिनु हो, तर जब ती उद्देश्यभन्दा बाहिर गएर राजनीतिक स्वार्थ हावी हुन्छ, तब जनताको विश्वास पनि कमजोर बन्छ ।

शैलजा आचार्य अस्पतालजस्ता संस्थाहरुको उचित उपयोग नहुनु केवल एउटा संस्थाको समस्या मात्र होइन, यो समग्र शासन प्रणालीको कमजोरीको संकेत हो। नाम परिवर्तन गर्दैमा सेवा सुधार हुँदैनह्य बरू स्पष्ट नीति, दीर्घकालीन योजना, दक्ष जनशक्ति व्यवस्थापन र उत्तरदायित्वपूर्ण नेतृत्व आवश्यक हुन्छ । सरकार परिवर्तनसँगै नीति र प्राथमिकता परिवर्तन हुने प्रवृत्तिले यस्ता परियोजनाहरुलाई अझ अन्योलमा पार्छ ।

कुनै पनि विकासका संरचना बन्नु मात्र ठुलो कुरा होईन, बने पछिको समुचित उपयोग महत्वपूर्ण कुरा हो । यस्ता कयौ संरचनाहरू सरकार वा समाजले बनाएको हुन्छ जुन कि, निर्माण पछि लक्ष्य अनुसार उपयोगमा आउन सक्दैनन् । कति त लक्ष्य र सेवा भन्दा राजनीति हावि हुँदा अलपत्र बन्ने गरेका छन् । यस्तै संरचना हो बिराटनगरि स्थित शैलजा आचार्य अस्पताल ।

विभिन्न सरकारले पटक पटक नाम र उदेश्य फेरे पनि यसको प्रभावकारी उपयोग हुन सकेको छैन । कहिले नाम फेरिने, कहिले जनशक्तिको अभाव, कहिले लक्ष्यनै फेरिने जस्ता कुराले यसको समुचित उपयोगमा आउन नसक्नु दुखद पक्ष हो । यस्ता जनसेवा लक्षित संस्था र संरचनाहरूलाई राजनीतिक भावना, नाम वा अरू कुनै उदेश्यले ओझेलमा पारिनु हुँदैन ।

यस सन्दर्भमा ‘बिरालो कालो होस् कि सेतो, मुसा मार्न सक्नु पर्‍यो’ भन्ने उखान अत्यन्त सान्दर्भिक छ। जनताको दृष्टिमा सरकारको मूल्यांकन सेवा प्रवाहको गुणस्तरका आधारमा हुन्छ, न कि नाम वा राजनीतिक विचारधाराका आधारमा। त्यसैले कुनै पनि सार्वजनिक संरचना सञ्चालन गर्दा निरन्तरता, पारदर्शिता र सेवा केन्द्रित दृष्टिकोण अनिवार्य हुन्छ ।

विकास भनेको केवल निर्माण होइन, व्यवस्थापन र उपयोग पनि हो। सरकारले निर्माण गरेका संरचनाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सके मात्र जनताको जीवनस्तरमा वास्तविक सुधार आउँछ । अन्यथा, यस्ता संरचनाहरु ‘सेतो हात्ती’ जस्तै बन्छन्, जसले स्रोतको दुरूपयोग मात्र गर्छ । त्यसैले अबको आवश्यकता निर्माणभन्दा बढी, उचित सञ्चालन र दीगो उपयोगमा केन्द्रित हुनु हो ।

## मानव भन्दा तेज रोवोट


चीनको तीव्र गतिमा अघि बढिरहेको प्रविधि विकासलाई झल्काउने घटनामा बेइजिङमा आयोजित हाफ-म्याराथनमा एक मानवाकृति रोबोटले मानव विश्व कीर्तिमान नै उछिन्दै ऐतिहासिक सफलता हासिल गरेको छ । यस उपलब्धिले खेलकुद र कृत्रिम बौद्धिकताको सङ्गममा नयाँ युग सुरू भएको संकेत दिएको छ । बेइजिङ इकोनोमिक-टेक्नोलोजिकल डेभलपमेन्ट एरिया (बेइजिङ ई-टाउन) बाट सुरू भएको २१ किलोमिटरको दौड चिनियाँ स्मार्टफोन निर्माता अनरद्वारा विकसित रोबोटले ५० मिनेट २६ सेकेन्डमा पूरा गर्दै पहिलो स्थान हासिल गर्न सफल भयो । यो समय मानव हाफ-म्याराथन विश्व कीर्तिमानधारी युगान्डाका धावक ज्याकोब किप्लिमोले मार्चमा बनाएको करिब ५७ मिनेटको समयभन्दा उल्लेखनीय रूपमा छिटो हो ।

गत वर्ष पहिलो पटक आयोजना गरिएको यस प्रतियोगितामा विजेता रोबोटले २ घण्टा ४० मिनेट ४२ सेकेन्डमा दूरी पार गरेको थियो । त्यसको तुलनामा यस वर्षको प्रदर्शनले रोबोट प्रविधिमा भएको तीव्र प्रगति प्रस्ट पारेको छ । प्रतियोगिताको आकार पनि यसपटक उल्लेखनीय रूपमा बढ्दै १०० भन्दा बढी टोलीहरूको सहभागिता रहेको थियो, जसमा पाँच विदेशी टोली समेत समावेश थिए ।

## उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०३बस्ने साबित्रा बस्नेतको नाममा दर्ता कायम रहेको मधुमल्ला९/ख को कि.नं. १४१०ज.वि. ०-०-१०-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पश्चिम् तर्फ सँधियार रोधन मगर र उतर तर्फ सँधियार रोधन मगर उपस्थित नहुनु भएको हुदा उहाँहरु लाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

# सरकारले कस्तो बनाउँदैछ बजेट ?



डा. घनश्याम उपाध्याय

नेपालको अर्थतन्त्र अहिले एउटा महत्वपूर्ण मोडमा उभिएको छ । नयाँ सरकारको गठनसँगै मुलुकले एउटा नयाँ सोच, उत्साह र हुटहुटी बोकेको नेतृत्व पाएको छ । मन्त्रिपरिषद्को औसत उमेर ४० वर्षको आसपास हुनुले पनि हामीमा केही नयाँ गर्ने जोश र इमानदारी छ भन्ने पुष्टि गर्छ । यही पृष्ठभूमिमा अर्थ मन्त्रालय अहिले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको अन्तिम तयारीमा जुटेको छ । बजेट निर्माण गर्दा हाम्रो मुख्य प्राथमिकता निजी क्षेत्रलाई फ्रन्ट सिटमा राखेर आर्थिक गतिविधिलाई चलायमान बनाउनु नै हो ।

**निजी क्षेत्रः अर्थतन्त्रको सारथि**

मैले सार्वजनिक कार्यक्रमहरूमा पनि भन्ने गरेको छु- निजी क्षेत्रको लगानी र सम्पत्ति केवल व्यक्तिको मात्र होइन, यो राष्ट्रिय सम्पत्ति हो । एउटा व्यवसायीले व्यापार गर्दा सरकारलाई बुझाउने २५ देखि ३९ प्रतिशत कर, कर्मचारीको तलब र शेयरधनीलाई हुने लाभ सबैले अन्ततः राज्यकै ढुकुटी र अर्थतन्त्रलाई बलियो बनाउँछन् । त्यसैले, राज्यले व्यवसायीलाई हतोत्साहित गर्ने होइन, उनीहरूको मनोबल बढाउनु पर्छ भन्नेमा हामी स्पष्ट छौँ । अब निजी क्षेत्रले अर्थतन्त्रको स्टेरिङ सम्हाल्ने र सरकारले त्यसका लागि आवश्यक सहजीकरण मात्र गर्ने नीति हामीले अख्तियार गरेका छौँ ।

**उत्पादनमा आधारित प्रोत्साहन र निर्यात**

विगतमा निर्यात प्रोत्साहनका लागि घोषणा गरिएका कार्यक्रमहरूको बक्यौता भुक्तानीमा केही ढिलाइ भएको यथार्थ हो । उद्योग मन्त्रालयबाट समयमा विवरण प्राप्त हुन नसक्नु र बजेटरी सीमाका कारण केही कठिनाइ देखिए पनि अर्थ मन्त्रालय यो बक्यौता क्लियर गर्न प्रतिबद्ध छ । आगामी दिनमा हामी परम्परागत अनुदानभन्दा पनि उत्पादनमा आधारित प्रोत्साहनमा जानु पर्छ भन्ने गरी तयारी गरिरहेका छौँ । यसले वास्तविक उत्पादनकर्तालाई प्रत्यक्ष लाभ पुग्ने र निर्यात बढ्ने हाम्रो विश्वास छ ।

**नीतिगत र प्रशासनिक सुधार**

हामीले झन्झटिला र पुराना करिब १५ वटा ऐनहरु खारेज गर्ने वा परिमार्जन गर्ने निर्णय गरेका छौँ । राजस्व अनुसन्धान विभाग र कर प्रशासनको कार्यशैलीमा सुधार ल्याउन हामी कटिबद्ध छौँ । एक औँलाले गलत लेख्यो भन्दैमा औँला काट्ने होइन, औँलालाई सही लेख्न सिकाउने नीति हाम्रो हो । राजस्व प्रशासनलाई सदाचारी र व्यावसायिक बनाउन हामीले आन्तरिक सुधारका कार्यहरु अगाडि बढाएका छौँ । भन्सारमा अनलाइन मूल्यांकन प्रणाली लागू भएसँगै व्यवसाय गर्ने लागत घट्ने र राजस्वको दायरा बढ्ने अपेक्षा छ ।

**लगानीका अवरोधहरू हटाउने प्रयास**

मुलुकमा पुँजीगत खर्च बढाउन र निजी क्षेत्रको लगानी आकर्षित गर्न विद्यमान खरिद ऐन, जग्गा प्राप्ति ऐन, वन र वातावरणसँग सम्बन्धित कानुनहरूमा सुधार गर्नुपर्ने आवश्यकता छ । अर्थ मन्त्रालयले यी कानुनहरूमा देखिएका हडलहरु हटाउन एउटा कार्यदल बनाएर काम गरिरहेको छ । व्यवसायीहरूले अब निर्धक्क भएर लगानी गर्ने वातावरण हामी बनाउनेछौँ । सरकारको नीति करको दर बढाउने भन्दा पनि करको दायरा विस्तार गर्नेमा केन्द्रित छ । हामी स्वैच्छिक कर सहभागितामा विश्वास गर्छौँ । करदाता आफैले इमानदारीपूर्वक आ ँ नो कर घोषणा गर्ने वातावरण बनाउन प्रशासनले सहजीकरण गर्नेछ । सँगसँगै, भारतीय सवारी साधनहरूमा प्रदेशले लगाएका अतिरिक्त करहरु हटाउन हामीले पत्राचार गरिसकेका छौँ, किनकि राष्ट्रिय राजमार्ग र अन्तर्राष्ट्रिय व्यापारमा संघीय सरकारको मात्र क्षेत्राधिकार रहन्छ । साथै, सीमा नाकामा भारतीय पर्यटकहरूले ल्याउन पाउने नगद (५००० डलर बराबरको) को बारेमा देखिएको अन्योल चिर्न पनि हामीले आवश्यक निर्देशन दिइसकेका छौँ ।

आगामी बजेटमा निजी क्षेत्रका जायज मागहरूलाई सम्बोधन गरिनेछ । बैंकहरूमा पर्याप्त तरलता हुनु, न्यून ब्याजदर र न्यून मुद्रास्फीति रहनुले लगानीका लागि उपयुक्त समय आएको संकेत गर्छ । अर्थ मन्त्रालय निजी क्षेत्रलाई फ्रन्ट सिट र स्टेरिङ दिएर आर्थिक समृद्धिको यात्रामा सँगै हिँड्न तयार छ । हामी जे बोल्छौँ, त्यो कार्यान्वयन गर्छौँ । यदि केही कुरा कार्यान्वयन हुन सकेन भने त्यसको स्पष्ट कारणसहित जवाफ दिन हामी तयार रहनेछौँ । निजी क्षेत्रको साथ र सरकारको नीतिगत स्पष्टताले नै नेपाललाई समृद्ध बनाउन सम्भव छ ।

*(विराटनगरमा आयोजित कार्यक्रममा अर्थसचिव उपाध्यायले व्यक्त गरेको मन्तव्यको सारांश)*

# उद्यमशिलतामा महिला सहभागीता



तारा वाग्ले

वित्तीय क्षेत्रमा महिलाको सहज पहुँच तथा आर्थिक सामाजिक पूर्वाधारको उपलब्धता र विस्तारमार्फत अर्थतन्त्रको विकास गर्ने राज्यको सङ्कल्प छ। राज्यले उद्योग क्षेत्रमा महिला सहभागिता वृद्धि गर्न महिलालाई आर्थिक रूपले सम्पन्न बनाउने नीति अङ्गीकार गर्दै महिलाको आर्थिक उन्नति र विकासका लागि बजेटमार्फत विभिन्न योजना अघि सारेको छ। स्रोतसाधनको न्यायोचित वितरण गरी महिला उद्यमशीलताको प्रवर्धन गर्ने राज्यको नीति भए पनि महिला उद्यमीले धेरै चुनौतीसँग जुध्नु परेको छ। आर्थिक सशक्तीकरण र समावेशी विकासको आधार हुँदाहुँदै पनि महिला उद्यमीले विभिन्न संरचनात्मक, प्रक्रियागत, प्राविधिक र सामाजिक व्यवधानका कारण चुनौतीसँग जुध्नु परेको हो। महिला उद्यमीले पुँजीको अभाव, धितो राख्न सम्पत्ति नहुनु र पारिवारिक जिम्मेवारीसँगै व्यवसायमा सन्तुलन मिलाउनुपर्ने चुनौती सामना गरिरहेका छन् । महिला उद्यमशीलताको प्रवर्धनका लागि राज्यले अघि सारेका नीतिको प्रभावकारी कार्यान्वयन नहुँदा अपेक्षित प्रगति हुन सकेको छैन। स्रोतसाधनको पहुँचमा कठिनाइ तथा सीमित बजारका कारण नेपालमा उद्योगधन्दा सञ्चालन गर्न सजिलो छैन। महिला उद्यमी आर्थिक वञ्चितिमा परेका कारण पर्याप्त लगानीको अवसर पाएका छैनन्। लघु तथा साना उद्योगमा महिला सहभागिता बढ्दो छ तर बजारीकरणको कमी, प्राविधिक ज्ञानको अभाव र कमजोर सञ्जालका कारण उनीहरूको उद्यमशीलता विकासमा बाधा पुगेको छ।

नेपालको संविधान-२०७२ ले महिलालाई समान अधिकार, समावेशी सहभागिता र आर्थिक सशक्तीकरणको अधिकारको व्यवस्था गरेको छ। औद्योगिक नीति, २०७६ ले घरेलु तथा साना उद्योगमा महिला सहभागिता बढाउने लक्ष्यसहित उद्योग दर्ता, कर छुट र सहुलियत ऋणमा महिला, दलित र पिछडिएका समुदायलाई प्राथमिकतामा राखेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा महिलाका नाममा उद्योग वा कम्पनी दर्ता तथा नवीकरण गर्दा शुल्क नलाग्ने व्यवस्था छ भने युवा उद्यमीलाई तीन प्रतिशत ब्याजदरमा सहुलियतमूलक ऋण उपलब्ध गराइने जनाइएको छ। गृहिणी महिलाको श्रम र सिपलाई साना तथा घरेलु उद्यमसँग जोड्न क्षमता विकास कार्यक्रम सञ्चालन गरी महिला उद्यमशीलता प्रवर्धनका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। अघिल्लो बजेटमा सरकारले देशभर १३० वटा औद्योगिक ग्राम स्थापना गर्ने उद्देश्य अघि सार्दै महिलाका नाममा उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा पनि छुटको व्यवस्था गरेको थियो। यसले महिला सहभागितामा व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न मार्ग प्रशस्त गर्‍यो।

१६ औं योजनामा उद्योग विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकासको सोच राखिएको छ। यस्ता नीतिले महिला उद्यमशीलता प्रवर्धनमा सघाउ पुगेको छ। गरिब तथा विपन्न दलित आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, वादी, कमलरी, कमैया, चेपाङ, मधेशी, दलितलगायत सीमान्तकृत महिला तथा किशोरीलाई राज्यले प्रदान गर्ने सेवा तथा अवसरमा समान रूपमा प्रतिनिधित्व सुनिश्चित गर्न आयआर्जन, क्षमता विकास तथा सशक्तीकरणका लागि आर्थिक र सामाजिक विकासको रणनीतिक कार्ययोजना बनाइएको छ।

सरकारले आव २०६४/६५ देखि महिलालाई केन्द्रमा राखेर बजेट बनाउन थालेको हो। त्यसबेला प्रत्यक्ष महिलामैत्री शीर्षकमा ११ प्रतिशत बजेट थियो। आव २०७२/७३ मा २२.३ प्रतिशत पुग्यो। १६ औं योजना अनुसार हाल सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात ४० प्रतिशत छ। २०७३ सालदेखि उद्यमशीलता विकासको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण र दिगो विकासको लक्ष्य हासिल गर्ने उद्देश्यले राष्ट्रपति महिला उत्थान कार्यक्रम लागु गरिएको छ। यस अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रमको माध्यमबाट महिलाको जीवनस्तर उकास्ने, स्थानीय स्रोतसाधन उपयोग र मूल्य शृङ्खलाद्वारा महिलाको आर्थिक सशक्तीकरण गर्ने उद्देश्य राखिएको छ। आव २०७७/७८ देखि मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहमा महिला सहकारी संस्थामार्फत कार्यक्रम सञ्चालन गरिएको छ।

सरकारले आव २०७७/७८ को बजेट वक्तव्यमार्फत महिला उद्यमीका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था गरेको थियो। सो व्यवस्था गरेसँगै धेरै महिला उद्यमशीलतातर्फ आकर्षित भएका छन्। महिलाका नाममा उद्योग स्थापना, सञ्चालन, प्रवर्धन एवं प्रविधि विकासमा सहयोग पुर्‍याउन बिनाधितो कर्जा प्रवाह गर्न महिला उद्यमशीलता विकास कोष स्थापना भएको छ। सो कोषबाट एक आवमा पाँच लाख रुपियाँसम्म छ प्रतिशत ब्याजदरमा कर्जा प्रवाह हुने व्यवस्था छ। बजेटमा ‘उत्पादन र रोजगार, समृद्धिको आधार’ नारालाई आत्मसात् गरी औद्योगिकीकरणको गतिलाई तीव्रता दिइएको थियो।

महिला उद्यमीले वित्तीय संस्थाहरूबाट ऋण सुविधा नपाउने जस्ता अप्ठ्यारा सामना गर्नु परेको छ। महिला उद्यमीमध्ये १३.४ प्रतिशत मात्र बैङ्कको ऋण परिचालन गर्न सक्षम भएको तथ्याङ्क छ। सन् २०२४-२५ मा ७२ हजार महिला उद्यमीले सहुलियत दरको ऋण प्राप्त गर्न सफल भएका छन्। सामाजिक संरचना तथा अतिरिक्त घरायसी दायित्वका कारण उद्यममा समय दिनसमेत कठिनाइ हुने गरेको छ। ३२.४ प्रतिशत महिला घरधन्दा र ९.८ प्रतिशत पारिवारिक हेरचाहका कारणले निष्क्रिय बस्न बाध्य भई आर्थिक काममा संलग्न हुन नपाएको जनगणनाको तथ्याङ्कले बताउँछ। श्रम शक्तिमा महिला सहभागिता दर २६.३ प्रतिशत भएको १६ औं योजनाको तथ्याङ्क छ। महिला श्रमशक्तिको ९०.५ प्रतिशत हिस्सा अनौपचारिक क्षेत्रमा रहेको पछिल्लो आर्थिक सर्वेक्षणले देखाउँछ। सुरक्षित श्रम र पर्याप्त स्रोतसाधनको पहुँच नहुँदा उनीहरूको श्रम मूल्यहीन बनेको छ।


वित्तीय पहुँचमा पुरुषले सरह महत्व महिलाले पाउँदैनन्। साना उद्यमीले थोरै मात्रामा कच्चा पदार्थ नपाउने र पाए पनि चर्को मूल्य तिर्नुपर्ने भएकाले उत्पादन लागत बढ्न गई उनीहरूको उत्पादनले सीमित बजार पनि गुमाउनुपर्ने अवस्था छ। महिला उद्यमी वित्तीय पहुँचको अभाव, सामाजिक सोच, पारिवारिक जिम्मेवारी र नीतिगत जटिलतासँग जुध्नु परेको मन्त्रालयको अध्ययनले बताउँछ। प्रणालीगत कमजोरीका कारण महिलाले नीतिगत उल्झन खेप्नु परेको छ। आकर्षक नीति कार्यक्रम र सहुलियतको व्यवस्था भएकाले महिला उद्यमीले उद्यमशीलतामा पाइला त टेके तर दह्रोसँग उभिन उपयुक्त आधार भेटेका छैनन्। पहिले धेरै जसो नीति पुरुष उद्यमीको दृष्टिबाट बनाइन्थ्यो। अहिले त्यो सोच परिवर्तन भई महिला उद्यमशीलतालाई प्राथमिकता दिइएको छ तर नीतिको कार्यान्वयन पक्ष कमजोर हुँदा व्यवहारमा भने परिवर्तन आउन सकेको छैन।

नेपालमा दर्ता भएका साना तथा मझौला उद्यममध्ये करिब ३०-३५ प्रतिशत महिलाको स्वामित्वमा छन्। महिला उद्यमी खास गरी कृषि, घरेलु उद्योग, हस्तकला, सिलाइबुनाइ, खुद्रा व्यापार, होटेल तथा पर्यटन क्षेत्रमा केन्द्रित छन् तर पुँजी, प्रविधि, बजार पहुँच र औपचारिक दर्ताको कमीले व्यवसाय विस्तार सीमित छ। महिला संलग्नतामा बनाइएका आर्थिक नीतिले महिला उद्यमीलाई प्रोत्साहन गरेकै कारण धेरै महिला सफल उद्यमी बनेका छन्। सरकारले महिला उद्यमशीलतालाई प्रवर्धन गर्न ल्याएका नीति कार्यक्रम तथा योजनाले महिला उद्यमीको सङ्ख्या बढ्नुका साथै ‘स्टार्टअप’ क्षेत्रमा महिलाका लागि नयाँ सम्भावना खुलेका हुन्। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले महिला उद्यमशीलताको प्रवर्धनलाई प्राथमिकतामा राखेर नीतिगत सुधार सहजीकरण र अवसर विस्तारमा जोड दिएको छ। उदार नीतिकै कारण कृषि, पर्यटन, सूचना प्रविधि तथा सिर्जनात्मक उद्योगमा महिलाले आफ्नो सिप, ज्ञान र नवीन सोचलाई व्यवसायमा रूपान्तरण गरिरहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो समय राज्यले उद्यमी महिलालाई छुट र सहुलियत प्रदान गरेसँगै महिला उद्यमीको सङ्ख्या केही बढ्न थालेको छ। कम्पनी दर्ता गर्दा एक जना महिला अनिवार्य सञ्चालकमा राख्नुपर्ने कानुनी व्यवस्थाका कारण महिला उद्यमी बढेका छन्। एक तथ्याङ्क अनुसार पछिल्लो आठ वर्षमा एक लाख ७९ हजार महिला उद्यमी थपिएका छन्। देशभर दुई लाख ४७ हजार ८८० व्यावसायिक संस्था महिलाले चलाएका छन्, जुन कुल व्यावसायिक संस्थाको २९.८ प्रतिशत हो। सरकारले हरेक स्थानीय निकायमा उद्यमशीलता विकाससम्बन्धी तालिम सञ्चालन गर्न वार्षिक एक अर्ब रुपियाँ बजेट विनियोजन गरेको छ। सहुलियतपूर्ण ‘स्टार्टअप’ कर्जाले महिला उद्यमीका साथै विदेशबाट फर्किएका युवालाई उद्यमशीलतामा आकर्षित गरेको छ। सन् २०३० सम्म १० हजार ‘स्टार्टअप’ प्रवर्धन गरी एक लाख रोजगारी सिर्जना गर्ने लक्ष्य सरकारको छ। उद्योग मन्त्रालयका अनुसार आव २०८०/८१ मा ‘स्टार्टअप’ कर्जाका लागि आवेदन दिने एक हजार ६५८ जनामध्ये १६५ जनाले कर्जा पाएका थिए; जसमा ४८.६९ प्रतिशत महिला थिए। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले छनोट भएका उद्यमीलाई पाँच वर्षका लागि तीन प्रतिशत ब्याजदरमा पाँच लाखदेखि २० लाख रुपियाँसम्म ‘स्टार्टअप’ उद्यम कर्जा दिने व्यवस्था गरेको छ।

सरकारले महिला उद्यमशीलता विकासका लागि नीति कार्यक्रम तथा बजेटको व्यवस्था गरेर मात्र हुँदैन; भएका नीतिको प्रभावकारी कार्यान्वयन र आर्थिक तथा सामाजिक पूर्वाधार निर्माणमा जोड दिनु पर्छ। यातायात, सञ्चार, विद्युत्, ऊर्जा सुविधा, बजार विस्तार आदि आर्थिक पूर्वाधार र विकासका लागि प्रतिकूल रहेका सामाजिक बाधा व्यवधान हटाएर मात्र उद्यमशीलता विकासको खाका तय गर्नु पर्छ। उद्यमशीलतामा महिला सहभागिता बढाउन महिलाको सम्पत्तिमा पहुँच बढाउनु पर्छ। नीति बनाउने कोठामा महिलाको अर्थपूर्ण उपस्थिति भए राज्यका नीतिले आर्थिक, सामाजिक रूपान्तरण, लैङ्गिक समानता, विकास, उद्यमशीलताको भावना समेट्न सक्छन्। सरकारले महिला उद्यमशीलता विकासका लागि बनाएका नीति कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनु पर्छ। सरकारीस्तरबाट वितरण गरिने स्रोतको बाँडफाँटमा पनि महिलालाई आवश्यकता अनुसार विशेष अधिकार दिने नीतिलाई कडाइका साथ लागु गर्नु पर्छ।

# सवैको साझा अन्तर धार्मिक शान्तिपार्क



**पथरी/** सवै धर्मावलम्वीहरुको आस्थाको केन्द्रको रुपमा विकास गर्ने गरि मोरङको लेटाङ-१, राजारानी पर्यटन क्षेत्रमा अन्तर धार्मिक शान्तिपार्क निर्माण भएको छ। पाँच धर्मका धर्म गुरुहरू एकै स्थानमा बसेर धर्मका विभेद अन्त्य गर्ने अवधारणाका साथ निर्माण सुरु भएको शान्तिपार्क लेटाङ नगरपालिकाको गौरवको आयोजना हो ।

नगरपालिकाले आगामी बुद्ध जयन्तीको अवसरमा पार्कको उद्घाटन गर्ने तयारी भइरहेको जनाएको छ। शान्तिपार्क निर्माण गर्न नगरपालिकाले आर्थिक वर्ष २०८०-८१ मा १ करोड रुपियाँ विनियोजन गरेको थियो । नगरको वडा नं. १ राजारानीमा निर्माण भइरहेको यो पार्कमा संसारभर मानिने प्रमुख धर्मका गुरूहरूलाई एउटै स्थानमा बसेर अन्तर धर्मका विषयमा छलफल र बहस गर्ने वातावरण जुटाउने छ ।

तत्कालीन लेटाङ भोगटनी नगरपालिका हुँदा एक नगरपालिका एक पहिचान कार्यक्रम अन्तर्गत २०७२ मा ऐतिहासिक राजारानी पोखरी परिसरमा अन्तरधार्मिक शान्तिपार्क निर्माण गर्ने कार्यक्रम तय भएको थियो । बजेटको अभावमा शान्तिपार्क निर्माणको काम अघि बढ्न सकेको थिएन ।

नगर प्रमुख भूपेन्द्रकुमार लावतीका अनुसार नगरपालिकाले ६ करोड ८ लाख रुपियाँको लागत परियोजना निर्माण गरी सङ्घीय सरकारमा पठाएको थियो । सङ्घीय सरकारको ६५ प्रतिशत र लेटाङ नगर पालिकाको ३५ प्रतिशत लागत साझेदारीमा अन्तरधार्मिक शान्तिपार्क निर्माण सुरु भई हाल निर्माणको अन्तिम चरणमा नगर प्रमुख लावतीको भनाइ छ ।

शान्तिपार्कका ६ कट्ठा जग्गा निर्माण भएको छ । ५ करोड २९ लाख रुपियाँमा फुलमन डिप्लोपर्स प्रालिले ठेक्का लिएको शान्तिपार्क निर्माणको काम ३ वर्षभित्र सम्पन्न गर्ने सर्त थियो। जस अनुसार निर्धारित समयमा नै काम सकिएको वडा १ का वडाध्यक्ष विष्णुबहादुर मगरले जानकारी दिए ।

हिन्दु, बौद्ध, मुस्लिम, किरात र इसाई धर्मका धर्मगुरुहरू एउटै मञ्चमा बसेर अन्तरधर्मका विषयमा बहस गर्न सकुन् भन्ने उद्देश्यले शान्तिपार्क निर्माण गर्न लागिएको सामुदायिक विकास मञ्च नेपाल (सिडीएफ)का अध्यक्ष र ामचन्द्र बुढाथोकीको भनाई छ। अन्तर धार्मिक शान्तिपार्कको 'मिनियचर' (नमूना) माथि सबै धर्मका गुरूहरूको साझा धारणा निर्माण भएपछि शान्तिपार्क निर्माणको अवधारणा आएको सिडिएफ नेपालका तत्कालीन निर्देशक एवं हालका नगर प्रमुख भूपेन्द्रकुमार लावतीको भनाइ छ। मिनियचरका कल्पनाकार कलाकार विक्रमश्रिले शान्तिपार्क सबै धर्मावलम्वीहरूको साझा धरोहर बन्ने उल्लेख गर्दै पार्कले लेटाङलाई नयाँ धार्मिक पर्यटकीय गन्तव्य बनाउने उनले जनाए ।

मन्दिर डाँडामा निर्माण गरिएको शान्तिपार्कको भ्यूटावरबाट तराईको दृश्यावलोकन गर्न सकिन्छ । पार्कमा पाँच धर्मका अलग-अलग पाँचद्वार राखिएका छन् । चार तले उक्त पार्कमा हरेक धर्मले आफ्नो द्वारबाट प्रवेश गरेपछि आफ्ना धर्मग्रन्थ, सांस्कृतिक पहिचान खुल्ने सामग्री र धर्मका हाँगाबिँगाको झलक हेर्न पाउने छन्। सबैभन्दा माथिल्लो तलाबाट वरिपरि घुमेर दृष्यावलोकन गर्न सकिने छ ।

# हिमाल जोगाउन विज्ञको जोड

**सोलु/** जलवायु परिवर्तनका बढ्दो असर बारे प्रत्यक्ष अध्ययन, बहस र समाधान खोज्ने उद्देश्यले खुम्बुको गोक्यो बेस क्यापसमा सोमबार विशेष संवाद सम्पन्न भएको छ ।



कार्यक्रममा हिमनदी विज्ञ अरूणभक्त श्रेष्ठले हरितगृह ग्यासको वृद्धि र त्यसबाट उत्पन्न जलवायु परिवर्तन भएको उल्लेख गर्दै सन् २०२३ यता तापक्रम वृद्धि, हिमनदी पग्लिने दरमा तीव्रता, पानीका मुहान सुक्दै जानु र अनियमित वर्षाजस्ता समस्याले अवस्था अझ गम्भीर बनेको बताए । उनले भने, 'जलवायु परिवर्तन बुझ्न विज्ञान मात्र पर्याप्त छैन, स्थानीय समुदायको ज्ञानसँग जोड्नसके मात्र दिगो समाधान सम्भव हुन्छ ।'

गोक्यो क्याङमिट समिटका क्रममा खुम्बु पुगेका ३१ जना विज्ञ,अनुसन्धानकर्ता, सामाजिक अभियन्ता र सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागितामा साथसाथै संस्थाले उक्त संवाद आयोजना गरेको हो । कार्यक्रममा सहभागी हुँदै नवीकरणीय ऊर्जाका अनुसन्धानकर्ता कुशल गुरुङले दाउराको प्रयोग घट्दै गए पनि दिगो ऊर्जातर्फको संक्रमण अझ तीव्र हुनुपर्नेमा जोड दिए । उनले सोलार सहितको वैकल्पिक उर्जामा सबैले जोड दिनुपर्ने सुझाव दिए। यस्तै छलफमा बोल्दै जेन्डर अनुसन्धानकर्ता समा श्रेष्ठले जलवायु परिवर्तनको प्रत्यक्ष असर महिला तथा बालबालिकामा बढी पर्ने बताए । साथै प्रजनन स्वाथ्यमा बढी प्रभाव पर्ने भएकाले सरकारले महिलाको सवालमा विशेष नीति बनाउनु पर्ने कुरालाई जोड दिए। कार्यक्रममा प्रतिनिधिसभा सदस्य तथा पूर्व उपसभामुख इन्दिरा राना मगर, सामाजिक अभियन्ता टासी लाजुम, सगरमाथा आरोही तेम्बाछिरी शेर्पा तथा सञ्चारकर्मीहरू सहितको सहभागीता छ ।

स्वास्थ्य जानकारी

# काँचो मेवाका कति फाईदा ?



पाकेको पहेँलो मेवा खानुका फाइदाहरू सबैलाई थाहा छ। तर काँचो मेवा पाकेको मेवाभन्दा पनि बढी फाइदाजनक मानिन्छ। के यो कुरा तपाईंलाई थाहा छ ? काँचो मेवा एक बहुउपयोगी र पोषक तत्त्वले भरिपूर्ण फल हो जसलाई सही तरिकाले सेवन गर्दा पाचन र समग्र स्वास्थ्यलाई फाइदा पुऱ्याउँछ। यसमा पाइने फाइबर, भिटामिन सी, क्यारोटिनोइड्स र प्राकृतिक इन्जाइमहरूले यसलाई अन्य फलफूलहरू भन्दा बढी पौष्टिक बनाउँछ। त्यसैले आयुर्वेदमा काँचो मेवालाई औषधि भनिएको छ, तर यसको सेवन गर्दा सावधानी अपनाउनु पनि उत्तिकै महत्वपूर्ण छ। तर मेवा वा कुनै पनि फलफूललाईनै अन्तिम औषधी भने मान्नु हुँदैन, यो त केवल पोषणका लागि मात्र बुझ्नु पर्दछ।

**मेवा खानुका फाइदाहरू:**

**१. पाचन :** खाना खाएपछि पेटमा भारीपन महसुस हुन्छ र भोक बिस्तारै कम हुँदै गइरहेको छ भने काँचो मेवा खानु राम्रो हुन्छ। यसलाई तरकारीको रूपमा पनि खान सकिन्छ। यसले पाचन सुधार गर्न र भोक बढाउन पनि मद्दत गर्छ। यसले कमजोर पाचन शक्तिलाई बलियो बनाउँछ, जसले पाचनलाई राम्रो बनाउन मद्दत गर्छ। पाकेको मेवाको तुलनामा, काँचो मेवामा पपेन नामक इन्जाइम हुन्छ, जसले खाना, विशेष गरी प्रोटिनलाई छिटो टुक्र्याउन र पचाउन मद्दत गर्छ।

**२. मोटोपन:**

काँचो मेवा खानाले तौल व्यवस्थापन गर्न पनि मद्दत गर्छ ,मेवामा क्यालोरी कम र फाइबर बढी हुन्छ। त्यसैले यसले लामो समयसम्म पेट भरिएको महसुस गराउन मद्दत गर्छ। तपाईंको धेरै खाने बानी छ भने पनि यसको सेवन फाइदाजनक हुन्छ।

**३. शरीर सुन्निएमा :**

काँचो मेवाले शरीर भित्र सुन्निएको कम गर्न पनि मद्दत गर्छ। यसको सेवनले विषाक्त पदार्थहरू बाहिर निकाल्छ र आन्तरिक सुन्निएको कम गर्छ।

**४. रगतको शुद्धीकरण :** काँचो मेवा खाँदा रगत सफा बनाऊ मद्दत मिल्दछ।


**५. महिला :** हर्मोनल असंतुलन महिलाहरूमा एक सामान्य समस्या हो। काँचो मेवा महिलाहरूको जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छ। यद्यपि, यसलाई सेवन गर्ने सही तरिका जान्न महत्त्वपूर्ण छ। मेवालाई सन्तुलित मात्रामा सेवन गर्नुपर्छ। गर्भावस्थामा वा बच्चा जन्माउने योजना बनाउँदै हुनुहुन्छ भने डाक्टरको सल्लाहमा मात्र मेवा खानुहोस्। यसलाई जुस, सलाद, सुप वा पेठाको रूपमा खान सकिन्छ। यद्यपि, यसलाई काँचो खानबाट बच्नुहोस्। उमालेपछि मात्र खानु बेश हुन्छ।

## उर्लाबारी नगरपालिकाको साधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने सीता तिम्सिनाको नाममा दर्ता कायम रहेको मधुमल्ला५/ज को कि.नं. ६३३ज.वि. ०-०-९-०मा नयाँ घर निर्माणका लागि यस नगर पालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्व तर्फ सँधियार सुन्दर योन्जन तामाङ उपस्थिति नहुनु भएको हुदा उहाँ लाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

# नेपालमा अमूर्त संस्कृतिको






' डा. प्रेम खत्री

गतांकबाट.....

## बुद्धिजीवि वर्गमा व्याप्त चासो

राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिको संरक्षण, प्रवर्द्धनमा चासो राख्ने देशको प्रवुद्धवर्गमा साँस्कृतिक विचलन अग्राह्य र चिन्ताको विषय हुनु स्वाभाविक हो । यस वर्गले संस्कृतिको गरिमाबृद्धिको भार पनि बोकेको हुनाले यो चासो पनि आ ̂ नो ठाउँमा तर्कसंगत र न्यायोचित लाग्छ । यस सन्दर्भमा निम्न प्रश्नहरु महत्त्वका छन् -

१. मुलुकका साक्षरता प्रतिशत बढ्दो छ तर यसबाट संस्कृतिको संरक्षणबारे ज्ञान भएका नागरिकहरूको सत्त्या भने धेरै ठूलो छैन । यस स्थितिमा हाम्रो जस्तो ज्यादै विविधतापूर्ण संस्कृतिको संरक्षण कसरी हुनसक्छ ?

२. मुलुकमा हाल ८ वटा विश्वविद्यालय सञ्चालित भइरहेका छन् । बौद्ध धर्म र संस्कृतिको उत्थानका लागि लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना भएको छ । महाविद्यालय र उच्च माध्यमिक विद्यालयहरूको सत्त्या पनि निरन्तर बढ्दो रूपमा छ । तर के यी संस्थाहरूले नेपाली समाज र संस्कृतिलाई टेवा पुग्ने शिक्षा दिन सकेका छन् ? किन प्रतिवर्ष इतिहास संस्कृति, कला तथा पुरातत्व विषय पढ्ने विद्यार्थीहरूको सत्त्या घट्दो क्रममा छ ? आ ̂ नो राष्ट्रको संस्कृति जान्न, त्यसलाई बचाउन सरिक हुन र संस्कृतिलाई प्राज्ञिक जीवनको एक अङ्ग बनाउन नयाँ पुस्ताहरूमा यो उदासीनता किन देखिएको छ ?

३. संस्कृति, सम्पदा र संरक्षणलाई पाठ्यविषयको रूपमा विकसित गरेर, यसलाई पर्यटनजस्ता आधुनिक विषय थप रोजगार सिर्जना गर्न र संस्कृति संरक्षणलाई जनसहभागिताको आधारमा संस्थागत गर्न किन सकिँदैन ? ४. नेपाली जाति मात्रको परिचायक तत्त्वको रूपमा चिनिएका हाम्रा मूल्य र मान्यताको सञ्चय गर्ने जिम्मेवारी कसको हो ? यो कसरी पुरा गर्न सकिन्छ ? र अन्तमा, ५. नेपाली संस्कृति र यसको दिगो रूपमा जगेर्ना गर्ने कार्य राष्ट्रिय विकाससित गाँसेर हेर्नुपर्ने विषय हो कि होइन ? यी प्रश्नहरूको उत्तर केही शब्दमा मात्र पनि प्रस्तुत गर्न सकिन्छ तर वर्तमान संस्कृति संक्रमण, विश्वव्यापीकरणको युगमा त्यस्तो उत्तर मात्र पर्याप्त छैन । वास्तवमा यी प्रत्येक सवाललाई एक कार्यक्रमको रूपमा विकसित गर्न सकिन्छ, निरन्तरता दिन सकिन्छ । तर सर्वप्रथम बुद्धिजीविवर्गको चासोलाई विविध कार्यक्रममार्फत् परिचालन गरेर संस्कृतिको जगेर्ना गर्न र यसलाई उत्पादनमुखी बनाउन सकिन्छ । क्रमशः....

कला/मनोरञ्जन

# जेठ ८ देखि 'काजी' आउने




चलचित्र 'काजी' को प्रदर्शन मिति घोषणासँगै टिजर सार्वजनिक गरिएको छ । अभिनेता विपिन कार्कीको शीर्ष भूमिका रहेको चलचित्र मायाप्रेममा आधारित छ । रामप्रसाद रिजालको प्रस्तुति रहेको चलचित्रमा केकी अधिकारी, गरिमा शर्मा, प्रकाश घिमिरे, हेमन्त बुढाथोकीलगायतको अभिनय छ । रिजाल एन्ड रिजाल प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्र लक्ष्मण रिजालले निर्देशन गर्नुभएको छ ।

प्रदीप भारद्वाजको पटकथा रहेको चलचित्रमा चिन्तन राजभण्डारीको छायाङ्कन, कालीप्रसाद बाँस्कोटाको सङ्गीत, ओजस्वी ओझाको प्रोडक्सन डिजाइन, रङ संयोजक श्याम कुँवर, सागर अर्यालको लोकेसन ध्वनि र सुजिल कर्माचार्यको पार्श्व सङ्गीत छ । चलचित्र जेठ ८ गते प्रदर्शनमा आउने भएको छ ।

### डब्बुले ल्याए 'सधैं तिमी'

गीतकार डब्बु क्षत्रीको शब्द र निर्देशनमा नयाँ गीत 'सधैं तिमी' को भिडियो सार्वजनिक भएको छ । नयाँ वर्ष २०८३ को अवसर पारेर गीतको भिडियो सार्वजनिक गरिएको हो । गीतमा गायक यम बराल र गायिका सरिता भारतीको स्वर रहेको छ ।

गीतमा ओम सुनारको सङ्गीत रहेको छ । गीतको भिडियो पनि क्षत्रीले नै निर्देशन गर्नुभएको हो । निकै रिसाउने प्रेमिकासँग प्रेमीको नोकझोक र प्रेमलाई गीत र भिडियोमा प्रस्तुत गरिएको छ । गीतको भिडियोलाई बङ्गलादेशको बोगुराको पर्यटकीय क्षेत्रमा छायाङ्कन गरिएको हो । बोगुरा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागी हुने क्रममा त्यहाँ गीतको भिडियो छायाङ्कन गरिएको गीतकार क्षत्रीले बताए । गीतमा गायिका भारती र अभिनेता प्रवण भुसालको अभिनय रहेको छ । गीतलाई एसबी क्रिएसनको अफिसियल पेजबाट सार्वजनिक गरिएको हो । विलक्षण क्रियसनको प्रस्तुति रहेको गीतलाई बङ्गलादेशका छायाकार सरकार सुजनले खिचेका हुन् ।




आज मिति २०८३ साल वैशाख ०९ गते बुधबार 22 April 2026 तिथि: पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | कारोबारमा विवाद पारिवारिक समस्या । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | सवारीका साधनमा केही समस्या माताबाट सहयोग । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मनमोटाव भएका प्रेमिकासँग भेट पराक्रम हिम्मत बढ्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | बोलीले शत्रु बढ्ने व्यवसायबाट सामान्य लाभ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पाहुना सत्कार अन्न, बस्त्रको लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शुभ कर्ममा खर्च बोलीमा रसिलोपन । |
| तुला | रा री रु रे रो ता ती तु ते | शत्रु परास्त व्यापारबाट लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | समाजबाट सहयोग घरायसी सामान जोड्ने दिने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आयमा कमी कार्यमा निकै खट्नुपर्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा आलस्यता पारिवारिक समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | विपरित लिंगीबाट सहयोग उत्तम भोजन । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मावलीबाट सहयोग कार्यमा सफलता । |

